भृकुटी सामुदायिक वन उपभोक्ता समूह,
बुद्धभुमि न.पा. वडा न १, शान्तिपुर, कपिलवस्तु

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रिको विस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति २०८३-०६-२८

यस सामुदायिक वनको स्वीकृत वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व.०८२/०८३ मा पत्ल्यउने तथा सुधार कटानका लागि डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु) सहमति अनुसारका रुखहरुको कटानबाट उत्पादन भई समूहको घाटगद्दीमा रहेका निम्न परिमाणका वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक स:मिल/कम्पनी/फर्मका प्रोपराइटरले नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन.) दर्ता र डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि सहित यो सुचना मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिन सम्म बोलपत्र समूहको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ ।

१. वन पैदावारको विवरण:

| वन पैदावारको विवरण | | | | न्युनतम (रु) | | संकलन खर्च (रु प्रति इकाइ) | धाङ न | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| प्रजार्ती | ग्रेड | थान | परिमाण (घ.फी) | प्रति इकाइ मुल्य | जम्मा मुल्य | | | |
| लट न : ०१-०८३/०८४, | | | | | | | | |
| साल | B | ६ | ६७.४९ | ९०० | ६०७४१ | | | |
| साल | C | १८ | ११२.६५ | ६०० | ६७५९० | | | |
| साल | D | १० | १४.९५ | ३०० | ४४८५ | | | |
| अस्ना | B | ३ | २२.०७ | ३०० | ६६२१ | | | |
| अस्ना | C | १८ | ४३.०१ | १०० | ४३०१ | १२९ | १,२ र ३ | आर्थिक वर्ष २०८२।०८३ TI |
| कर्मा | C | ४ | ४.९८ | १०० | ४९८ | | | |
| बाँझी | N | १२ | २९.४९ | १०० | २९४९ | | | |
| दवदवे | N | २ | ५.०० | १०० | ५०० | | | |
| तेन्दु | N | ४ | १०.५८ | १०० | १०५८ | | | |
| | जम्मा ७७ | | ३१०.२२ | | १४८७४३ | | | |
| दाउरा चट्टा | साल | | २ | १२००० | २४००० | १४१७० | | |
| | अन्य | | १ | ४००० | ४००० | | | |
| जम्मा न्यूनतम रकम | | | | | १७६७४३ | | | |

२. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय : क) अन्तिम मिति : २०८३-०७-१७ ख) समय : कार्यालय समय
३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय: क) अन्तिम मिति : २०८३-०७-१८ ख) समय : दिनको २ बजे
५. बोलपत्र खोल्ने मिति र समय : क) खोल्ने मिति :२०८३-०७-१९ ख) समय : दिनको १२ बजे

भृकुटी सामुदायिक वन उपभोक्ता समूह,
बुद्धभुमि न.पा. वडा न.१, शान्तिपुर, कपिलवस्तु

६. बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनको तोकिएकै समयमा बोलपत्र खरिद वा दाखिला वा खोल्न सकिनेछ ।

७. बोलपत्रसाथ लटैपिच्छे कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी बापतको रकम यस समूहको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, तौलिहवा शाखामा रहेको खाता नं. ३११०१००००९३१२००१ मा जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको सक्कल बैक जमानत बोलपत्र दाखिला गरेको लटै पिच्छे छुट्टाछुट्टै समावेश हुनुपर्नेछ । विभिन्न लटको एकमुष्ट बैक जमानत पेश गरेको हकमा जुन लटमा बैक जमानत समाबेश भएको छ सोही लटका लागि मात्र उक्त बैक जमानत मान्य हुनेछ ।

८. बोलपत्र फारम प्रति लटको रु ३००/१०००/२००० पछि फिर्ता नहुने गरी समुहको बैक खातामा जम्मा गरेको सक्कल भौचर सहित समूह र डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु)बाट खरिद गरी सोही कार्यालयमा दाखिला गर्न सकिनेछ ।

९. लिलाम बढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र समुहको बुद्धभुमि-१, शान्तिपुर रहेको समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

१०. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपराइटर वा निजको मञ्जुरीनामा रहेको प्रतिनिधिले मात्र आवश्यक कागजात सहित बोलपत्र खरिद गर्न पर्नेछ ।

११. निधारित न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु कार्यालय प्रतिनिधिको रोहवरमा माथि उल्लेखित मिति र समयमा खोलिनेछ ।

१२. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैतालिस) दिन भित्र सकार गरेको रकम, नियमानुसार लाग्ने कर, संङ्कलन खर्च लगायतका सर्म्पूर्ण रकम छुट्टै बुझाई लिलाम सकार गरेको वन पैदावार तोकिएको अविधि भित्र उठाईलैजानु पर्नेछ ।

१३. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहका अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ। फोटोकपी, समूहको सक्कल छाप नलागेको र समूहका अध्यक्षको दस्तखत नभएको बोलपत्र मान्य हुने छैन ।

१४. बोलपत्र फारम जसले खरिद गरेको छ उसैको नामबाट पेश गर्नु पर्नेछ ।अन्यको नाम वा फर्मबाट पेश गरेमा मान्य हुने छैन ।

१५. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१६. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ

१७. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।